"कृषि उद्योग र पर्यटनमा वृद्धि : बारबर्दिया नगरको समृद्धि"
"INCREASE IN AGRICULTURE, INDUSTRY AND TOURISM: PROSPERITY OF BARBARDIYA MUNICIPALITY"

# बारबर्दिया नगरपालिका
# BARBARDIYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

स्थायी लेखा नं : २०१३१०९३७
कार्यालय कोड नं : ८०१०५५८०४

Google Plus Code:
898P+MP Jaynagar

जयनगर, बर्दिया
JAYNAGAR, BARDIYA

लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

प.सं २०८३/०८४
चलानी नं :

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/०२

### उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमका लागि प्रस्तावना आह्वानको सूचना

बारबर्दिया नगरपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत कार्यक्रम अनुसार कृषिको समावेशी रुपान्तरणका लागि किसानसँग मेयर फलोअप कार्यक्रम अन्तरगत तपसिल बमोजिमका उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रममा (खसि/बोका/दुध/आलु वाली) सहभागि हुन इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/सहकारी संस्थाहरुद्धारा तोकिएको शर्तको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नुहुन यसै सूचना द्धारा जानकारी गराइन्छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) नगरपालिकाको कार्यालय वा वेवसाइट www.barbardiyamun.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

कार्यक्रमको विवरणः

तपसिलः

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | न्युनतम मापदण्ड | अनुदान रकम | वार्षिक वजेट | कै. |
|---|---|---|---|---|---|---|
| १ | कोल्ड स्टोर लक्षित आलु खेती प्रवर्द्धन कार्यक्रम | आलु खेती | क. कृषकको हकमा ३ देखि ९ कट्ठा<br>ख. समूहको हकमा १० देखि १९ कट्ठा<br>ग. सहकारीको हकमा २० देखी ६० कट्ठामा आलु खेती गरेको हुनु पर्ने र उत्पादनको ८०% सम्बन्धित कोल्ड स्टोरमा राख्नु पर्नेछ । | अधिकतम प्रति कट्ठा रु. ३०००।- | २७ लाख | |
| २ | विक्रीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम | क. दुध बिक्री | ख. कृषकले वार्षिक २००० लि. बिक्री गरेको हुनु पर्नेछ । | अधिकतम प्रति लिटर रु. २।- | ७ लाख | |
| | | ग. जिउदो खसी बोका बिक्री | (कृषक / समूह/सहकारी)<br>जिउ(संख्या): ३ / ५०<br>मासु(किलो): ७५ / १२५० | अधिकतम प्रति किलो रु. १५।- | | |

प्रमुख प्रशासकीय अधिकृत

084-404100, 404107 ईमेलःbarbardiyamun@gmail.com, info@barbardiyamun.gov.np
वेबसाइटः www.barbardiyamun.gov.np फेसबुक पेजः https://www.facebook.com/Barbardiyamunicipality/

# बारबर्दिया नगरपालिका

स्थायी लेखा नं : २०१३१०९३७
कार्यालय कोड नं : ८०१०५५८०४

# BARBARDIYA MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

Google Plus Code:
898P+MP Jaynagar

जयनगर, बर्दिया
JAYNAGAR, BARDIYA

लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL


आवश्यक कागजातहरुः

क. आवेदन (अनुसूची-२)

ख. कार्यक्रमको प्रस्तावना (अनुसूची-३)

ग. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

घ. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

ङ. सम्बन्धित संस्थाको कागजातहरु

१.संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति

२. आ.व. २०८२/०८३ को लेखापरिक्षणको प्रतिवेदन प्रतिलिपी १ प्रति

३. स्थायी लेखा नम्बर तथा आ.व२०८२/०८३ को कर चुक्ताको प्रमाण पत्र प्रतिलिपी १/१ प्रति

४.संस्थाको विधान, आर्थिक तथा प्रशासनिक नियमावली, अनुभव पत्रहरुको प्रतिलिपी १/१ प्रति

५. संस्था मार्फत सदस्यहरुले उत्पादन विक्रि गरेको रेकर्ड, विक्रि विल, बैंक स्टेटमेन्टको प्रतिलिपी १/१प्रति

६. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

७. सहकारी संस्थाको हकमा वार्षिक साधारण सभा र गत वर्षको प्रतिवेदनको प्रतिलिपी १ प्रति

८. अध्यक्ष/व्यवस्थापकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी

नोटः

क) वार्षिक न्यूनतम विक्रि परिमाण सहकारी वा प्रति सदस्य मध्ये कुन कार्यान्वयन गर्ने भन्ने नगरपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

ख) प्रति सदस्य न्युनतम विक्रि परिमाणः कम्तीमा ३ वटा खसी बोका वा ७५ के.जी. बार्षिक सहकारी संस्था मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

ग) प्रति सदस्य न्युनतम विक्रि परिमाणः कम्तीमा २००० लिटर बार्षिक संस्थागत समुह, सहकारी र प्राईभेट फर्म संस्था मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

घ) वार्षिक न्यूनतम विक्रि परिमाण (संस्थागत-समुह, सहकारी आदि): कम्तीमा ५० वटा खसी बोका वा १२५० के.जी.बार्षिक १ देखि २ वटाका दरले किसानबाट खरिद गरी सहकारी संस्था मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

*पुनश्चः आवेदन दिने अन्तिमदिन सार्वजिनक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र आवेदन पेश गर्न सकिनेछ।*

(गौतम भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

☎ 084-404100, 404107 ईमेलः barbardiyamun@gmail.com, info@barbardiyamun.gov.np
वेबसाइटः www.barbardiyamun.gov.np फेसबुक पेजः https://www.facebook.com/Barbardiyamunicipality/